UNILEVER NEPAL LIMITED

## युनिलिभर नेपाल लिमिटेडको ३०औं वार्षिक साधारणसभाको सूचना

युनिलिभर नेपाल लिमिटेड (UNL) को ३०औं (तिसौं) वार्षिक साधारण सभा यही **२०८० मंसिर २६ गते (डिसेम्बर १२, २०२३)** मंगलबारका दिन नेपाली समय अनुसार दिउँसो ४:३० बजे हुने र सो सभामा निम्न विषयहरूमा छलफल हुने भएकोले सम्पुर्ण आदरणीय शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा हुने स्थानः होटल याक एण्ड यती, दरबारमार्ग, काठमाडौं रहेको छ ।

**साधारण प्रस्तावः**

१. आर्थिक वर्ष **२०७९-०८० (२०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्म)** को नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको २०८० आषाढ मसान्त सम्मको सञ्चालक समिति र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. श्रावण १, २०८० देखी शुरू हुने आगामी आर्थिक वर्षको लागि लेखापरिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

३. सञ्चालक समितिको सिफारिस अनुसार लाभांश स्वीकृत गर्ने ।

४. युनिलिभर नेपाल लिमिटेड (UNL) को संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक र सामुदायिक परियोजनाहरूमा आर्थिक योगदानको लागि प्रस्ताव पारित गर्ने ।

५. श्री सुभाष बज्राचार्यलाई ३०औं वार्षिक साधारण सभाको समापनबाट अधिकतम चार वर्षको लागि कम्पनीको स्वतन्त्र सञ्चालकको रूपमा पुनःनियुक्त गर्ने ।

६. अध्यक्षको अनुमतिमा अन्य कुनै पनि विषय(हरू) पेश गर्ने ।

**विशेष प्रस्तावः**

१. कम्पनीको प्रबन्धपत्रका व्यवस्थाहरुमा उपयुक्त र आवश्यक ठानेका संशोधनका प्रस्तावहरू पारित गर्ने ।

**नोटहरूः**

१. २०८० असार ३० गते (जुलाई १६, २०२३) मा अन्त हुने वार्षिक साधारणसभा बोलाउने सूचना, वार्षिक प्रतिवेदन र प्रोक्सी फारम तल उल्लेखित क्यु आर (QR Code) बाट डाउनलोड गर्न सकिनेछ भने यो सूचना नेपाल स्टक एक्सचेन्ज (NEPSE) को वेबसाइटः (www.nepalstock.com) र युनिलिभर नेपाल लिमिटेड (UNL) को वेबसाइट (www.unilevernepal.com) मा पनि उपलब्ध छ । Green Initiative (ग्रीन इनिसिएटिभ) को एक अंगको रूपमा र दिगोपनको पालनाको रूपमा, वार्षिक प्रतिवेदन र प्रोक्सी फारमको विद्युतिय प्रतिहरू शेयर रजिस्ट्रार (RTS) को अभिलेखमा उपलब्ध भई दर्ता भएको शेयरधनीहरूको इमेल ठेगानामा पठाइनेछ ।

२. कुनै पनि प्रश्न वा प्रतिक्रिया वा सुझावहरू दर्ता गर्ने विकल्प सबै शेयरधनीहरूलाई साधारण सभाको मिति अघि र साधारण सभाको दिनमा उपलब्ध छ । इच्छुक शेयरधनीहरूले **१९ मंसिर २०८० मंगलवार (५ डिसेम्बर २०२३)** वा अघि unl.shareholdersconnect@unilever.com मा लेखेर वा ९८०८१०७७२४ मा सम्पर्क गरी दर्ता गर्न सक्नेछन् । यसले सभाको समयमा स्पष्ट प्रतिक्रियाहरू प्रदान गर्न मद्दत गर्नेछ ।

३. सम्मानित उच्च अदालत पाटनले दिएको अन्तरिम आदेश जारी रहेकाले यस वर्ष सार्वजनिक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन हुने छैन ।

४. भौतिकरूपमा शेयर धारण गर्ने र कम्पनीसँग आफ्नो इमेल ठेगाना, पत्राचार ठेगाना, वा अन्य विवरण अद्यावधिक नगर्नुभएका सदस्यहरूलाई कम्पनीको unl.shareholdersconnect@unilever.com मा लेखेर र nisha.basnet@sunrisecapital.com.np मा कपि गरेर आफ्नो इमेल ठेगाना र व्यक्तिगत विवरण (सदस्यको नाम र ठेगाना, सम्पर्क नम्बर (मोबाइल नम्बर), प्यान कार्डको स्व-प्रमाणित प्रतिलिपि र आफ्नो ठेगानालाई प्रमाणित गर्ने अन्य कुनै पनि कागजातको स्व-प्रमाणित प्रतिलिपि (जस्तैः ड्राइभिङ लाइसेन्स, नागरिकताको प्रमाणपत्र, राहदानी) पेश गरी अद्यावधिक गर्न अनुरोध गरिन्छ । साथै, अभौतिकीकृत रूपमा शेयर धारण गर्ने सदस्यहरूलाई सम्बन्धित डिपोजिटरी पार्टिसिपेण्टहरूसँग **२०८० मंसिर ०९ गते (नोवेम्बर २५, २०२३)** आइतबार बेलुका ५:०० बजे वा सो भन्दा अघि आफ्नो इमेल ठेगानाहरू दर्ता/अद्यावधिक गर्न अनुरोध गरिन्छ, । इ-मेल ठेगाना दर्ता गर्दा कुनै पनि जिज्ञासा/कठिनाइहरू भएमा, सदस्यहरूले unl.shareholdersconnect@unilever.com मा लेख्न वा कम्पनीको शेयर रजिष्ट्रारमा nisha.basnet@sunrisecapital.com.np मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| वार्षिक प्रतिवेदन (२०७९-८०) | | प्रोक्सी फारम |
|---|---|---|
| Nepali: | English: | Nepali: |

यदि तपाइँ वार्षिक रिपोर्ट खोल्न/पढ्न सक्नु भएन भने, सोको लागि उपयुक्त PDF रिडर सफ्टवेयर आवश्यक हुनेछ ।

५. कम्पनीको दर्ता किताब **२०८० मंसिर १२ गते (नोवेम्बर २८, २०२३) देखि २०८० मंसिर २६ गते (डिसेम्बर १२, २०२३)** सम्म बन्द रहनेछ ।

६. सभा तोकिएको समयमा नै प्रारम्भ हुने भएको हुनाले इच्छुक शेयरधनीहरूलाई पहिचानको लागि आफ्नो कुनै आधिकारिक परिचयपत्र (ड्राइभिङ लाइसेन्स, नागरिकता, राहदानी वा सेयर प्रमाणपत्र) साथमा ल्याउन र दर्ता गर्नको लागि तोकिएको समय भन्दा अगाडी नै तोकिएको स्थानमा उपस्थित हुनको लागि अनुरोध गर्दछौं ।

७. **मिति २०८० मंसिर १२ गते (नोवेम्बर २८, २०२३)** अर्थात शेयरधनी दर्ता बन्द हुने समय शुरूहुन भन्दा अगाडी शेयर दर्ता किताबमा सदस्यहरू/वास्तविक धनीहरूको रूपमा दर्ता भएको शेयरधनीहरूले स्वयं आफै उपस्थित भई वा प्रतिनिधी (प्रोक्सी) मार्फत सूचनामा उल्लेखित प्रस्ताव उपरको छलफलमा भाग लिई मतदान गर्न पाउनेछन । तोकिएको मितिमा सदस्य नभएको व्यक्तिले यो सूचनालाई साधारण सभाको जानकारीको लागि मात्र लिनुपर्नेछ । मतदान गर्ने तरिका र अन्य निर्देशनहरू सभा स्थलमा उपलब्ध गराइनेछ ।

८. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले साधारणसभा शुरू हुनुभन्दा १४४ घण्टा अगाडि अर्थात् **२०८० मंसिर २० गते (डिसेम्बर ०६, २०२३)** बुधबार दिउँसो ४:३० बजे वा सोभन्दा अगाडि कमलपोखरी, काठमाडौंमा रहेको कम्पनी शेयर रजिष्ट्रारको सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा प्रोक्सी फारम बुझाउनु पर्नेछ । सो फाराम सोही मिति अगाडि nisha.basnet@sunrisecapital.com.np मा ईमेल गर्दा पनि हुन्छ ।

९. शेयर रजिष्ट्रार (RTS) को कार्यालयले सभाको समय भन्दा ७२ घण्टा अगाडी अर्थात् **२०८० मंसिर २३ गते (डिसेम्बर ०९, २०२३)** दिउँसो ४:३० बजे वा अघि प्रोक्सी खारेज गरीएको कुराको सूचना प्राप्त नगरेमा शेयरधनीको तर्फबाट प्रोक्सीले गरेको सबै कामलाई वैध घोषित गरिनेछ । शेयरधनी आफैले भाग लिन र मतदान गर्न चाहेमा प्रोक्सी पेस गरेपछि, सूचना दिई र सेयर रजिष्ट्रार (RTS) सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा साधारणसभा बस्नुभन्दा ७२ घण्टा अगाडी अर्थात् **२०८० मंसिर २३ गते (डिसेम्बर ०९, २०२३)** शनिबार बेलुका ४:३० बजे वा अघि दर्ता गरिसक्नु पर्नेछ । अन्यथा, शेयरधनीहरूले बैठकमा उपस्थित हुन सक्नेछैनन् । यदि साधारणसभा रद्ध भयो भने, दर्ता गरिएको प्रोक्सी, रद्द गरिएको प्रोक्सी यथावत रहनेछ र परिवर्तन गरिने छैन ।

१०. यदि कुनै शेयरधनीहरूले एकभन्दा बढी प्रतिनिधीहरू (प्रोक्सीहरू) छानेका रहेछन् भने, पछिको मितिमा दर्ता भएको प्रोक्सीलाई वास्तविक प्रोक्सी मानिनेछ र यसअघि दर्ता भएका अन्य सबै प्रोक्सीहरू अवैध घोषित गरिनेछ । तर त्यस्तो प्रोक्सी सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा सभा हुनु भन्दा १४४ घण्टा अगाडि अर्थात् **२०८० मंसिर २० गते (डिसेम्बर ०६, २०२३)** बुधवार दिनको ४:३० वा सो भन्दा अघि दर्ता भएको हुनुपर्छ ।

११. एक आपसमा मिलेर खरिद गरिएको शेयरको हकमा एक प्रतिनिधिले मात्र बैठकमा भाग लिन र मतदान गर्न सक्नेछन् ।

१२. ट्रस्टी, कर्पोरेशन, म्युचुअल फण्ड वा संघ-संस्था द्वारा नियुक्त प्रतिनिधिले अख्तियारीको प्रमाण पेश गरेर मात्र सभामा भाग लिन र मतदान गर्न सक्छ ।

१३. नाबालिक र निष्क्रिय शेयरधनीहरूको हकमा, शेयर दर्ताकितावमा अभिभावकको रूपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

१४. सुरक्षाको लागि कार्यक्रम स्थलमा कुनै पनि झोला वा प्याकेट नल्याउनको लागि शेयरधनी ज्यूहरूलाई हार्दिक अनुरोध गर्दछौं । सभाकक्षमा प्रवेश गर्नु अघि तपाईका सबै झोला र प्याकेटहरूको जाँच हुने भएको हुनाले सुरक्षामा समन्वय गर्नको लागी अनुरोध गरिन्छ ।


१५. थप जानकारीको लागि युनिलिभर नेपाल लिमिटेडको कार्यालय वा कम्पनीको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा तोकिएको समय भित्रै सम्पर्क गर्नुहुन सम्पुर्ण शेयरधनी ज्यूहरूलाई अनुरोध गर्दछौं ।

**मितिः** २०८०-०८-०५
**रजिष्टर्ड कार्यालयः**
हेटौडा-३, बासमाडी, मकवानपुर, नेपाल

**युनिलिभर नेपाल लिमिटेडको लागि**
संगीता श्रेष्ठ
कम्पनी सचिब


# नक्कली शरणार्थी मुद्दामा मंगलबारदेखि निरन्तर सुनुवाइ

## रि-सेट भएका मोबाइलका आर्थिक लेनदेन-सूचना र कल डिटेल रेकर्ड पनि कैफियत प्रतिवेदनमा



फाइल तस्बिर

**काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएपछि अदालत परिसरमा नक्कली शरणार्थी प्रकरणका अभियुक्तहरू ।**

**देवेन्द्र भट्टराई** (काठमाडौं)

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाउँदै अमेरिका पठाइदिने भन्दै गिरोह सञ्चालन गरेको आरोपविरुद्ध तत्कालीन गृहमन्त्री, गृह सचिव, उपप्रधानमन्त्री, सुरक्षा सल्लाहकारसहितको मुद्दामा मंगलबारबाट पाटन उच्च अदालतमा निरन्तर सुनुवाइ हुने भएको छ। कानुनी निरूपण क्रममा अहिलेसम्मकै गम्भीर र राज्य तहका वरिष्ठ पदाधिकारी संलग्न यो मुद्दामा बहस गर्नका लागि प्रतिवादीहरूका तर्फबाट ६० भन्दा बढी कानुन व्यवसायी रहेका कारण मंगलबारबाट निरन्तर सुनुवाइको तालिका तय भएको हो। 'यो मुद्दाको न्यायिक निरूपणका निम्ति उच्च प्राथमिकता र तदारुकतामा निरन्तर सुनुवाइको व्यवस्था हुन लागेको हो,' अदालतका प्रवक्ता तीर्थराज भट्टराईले कान्तिपुरसँग भने।

यो गिरोहबारेको प्रहरी अनुसन्धानसँगै कान्तिपुर खुलासापछि झन्डै ६ महिनायता सुन्धारा तथा नख्खुस्थित कारागारमा पुर्पक्ष थुनामा रहेका १६ प्रतिवादीमाथि ठगी, लिखत किर्ते, राज्यविरुद्ध र संगठित अपराधसम्बन्धी अभियोग छ। उक्त मुद्दाको सुनुवाइपछि काठमाडौं जिल्ला अदालतले गत असार १ मा पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। जिल्ला अदालतको उक्त फैसलालाई 'बेरीतको आदेश बदर गरी तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्न पाऊँ' भन्दै उच्च अदालतमा अभियुक्त सबैले गत साउन १२ मा पुनरावेदन दिएका थिए। निवेदन परेयता उच्च अदालतमा ६ पटक पेसीमा चढे पनि अनेक बहानामा मुद्दामा सुनुवाइ थालिएको छैन।

राज्य संयन्त्रको साख र शक्ति उपयोग गर्दै सर्वसाधारणलाई नक्कली भुटानी शरणार्थी बनाउने तथा त्यही आधारमा अमेरिका पठाइदिने भनेर गृह मन्त्रालय मातहतबाट अघि बढेको यो गिरोहमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाण, तत्कालीन गृह सचिव एवं बहालवाला उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे, सांसद एवं पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, गृहमन्त्रीका निजी सहायक नरेन्द्र केसी, रामशरण केसी, पूर्वसांसद आङटावा शेर्पा, सन्दीप रायमाझी (टोपबहादुरका छोरा) सहित संलग्न देखिएका छन्। यो प्रकरणमा संलग्न रहेको प्रमाण पाइएपछि खाण वैशाख २७ मा, रायमाझी वैशाख ३१ मा, पाण्डे वैशाख २० मा र राई वैशाख १९ मा पक्राउ परेका थिए।

मोरङका केशवप्रसाद दुलाल र ललितपुरका सानु भण्डारी मुख्य योजनाकार रहेको नक्कली शरणार्थी गिरोहको यो सञ्जालमा दाङका सन्देश शर्मा, मोरङका सागर राई, अर्घाखाँचीका शमशेर मियाँ र शरणार्थी नेता टेकनाथ रिजालसमेत संलग्न देखिएका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले गत वर्ष चैत १२ मा पहिलो पटक यो गिरोहका नाइके दुलाल, भण्डारी र टंक गुरुङलाई पक्राउ गरेर अनुसन्धान अघि बढाएको थियो।

यो गिरोहमा जोडिएका नीरज राई (डा. इन्द्रजितका छोरा), प्रतीक थापा (रामबहादुर थापाका छोरा) सहित १५ जना आरोपीहरू भने अझै फरार सूचीमै छन्। विशेषतः भुटानी शरणार्थी समस्या समाधानमा गृह मन्त्रालयले बनाएको एक अध्ययन प्रतिवेदनमा थप नक्कली नाम र अनुसूची थप्दै त्यही नक्कली प्रति देखाएर रकम असुल्ने र राज्य संयन्त्रको बेथिति स्थापित गर्ने/गराउने प्रपञ्च तत्कालीन गृहमन्त्री थापाकै पालामा सुरु भएको थियो।

### कैफियत प्रतिवेदनमा दर्जनौं प्रमाण

जिल्ला अदालतको आदेशलाई बेरीतको भनेर उच्च अदालतमा सुनुवाइका लागि मुद्दा आएपछि प्राप्त कैफियत प्रतिवेदनमा अभियोग बेहोर्ने उच्च पदस्थ खाण, रायमाझी, पाण्डेसहितका 'कल डिटेल रेकर्ड' र अन्य प्रमाणहरू पनि समेटिएको छ। विशेषतः झापा र मोरङमा रहेका ६ हजारभन्दा बढी भुटानी शरणार्थीका नाममा तत्कालीन गृहमन्त्री र मन्त्रालयको तहबाट कहिले छुट दर्ता र कहिले अध्ययन कार्यदल भन्दै हाकाहाकी रकम असुली गरिरहेको अभियोग तत्कालीन गृहमन्त्री खाण र सचिव पाण्डेमाथि लगाइएको छ। शरणार्थी पुनर्बसोबासको कार्यक्रम अन्तर्राष्ट्रिय तहमै बन्द भइसकेर पनि किर्ते-ठगीको संगठित अपराध गर्न तारतम्य मिलाएको यो अभियोगका थप प्रमाण, कल डिटेल रेकर्ड तथा स्वयं खाण र उनका सहयोगी नरेन्द्र केसीबाट बरामद कागजी प्रमाण पनि अहिले मिसिलमा थप भएको छ।

'नरेन्द्रजी, ओली बा र देउवाले प्रधानमन्त्री (प्रचण्ड) लाई भनेर जाहेरीका मुख्य प्रतिवादीहरूलाई मात्र मुद्दा दायर गर्ने र अब थप आरोपित व्यक्तिलाई पक्राउ नगर्ने हो भने मुद्दाले सहज रूप लिन्छ, नभए जटिल मोडमा राजनीति पुग्ने अवस्था छ' भनेर नेता खाणले आफ्ना सहयोगी केसीलाई लेखेको पत्रको प्रतिसमेत अहिले मुद्दामा राखिएको छ। यस्तै, तत्कालीन गृह सचिव पाण्डेले आफू पक्राउ परेपछि 'दुलाल (केशव) को पुनः बयान गराएर पुरानो भनेको कुरा सच्याउनुपर्‍यो नभए मन्त्रीज्यूसमेतको मुद्दा जान सक्छ, अदालतमा गएर इन्कारी बयान दिएर हुँदैन' भन्दै खाणका सहयोगी केसीलाई पठाएको पत्रको आधारलाई अभियोगको दह्रो आधार मानिएको छ।

सचिव पाण्डे र गिरोहका नाइके दुलालबीच भएको ह्वाट्सएप र भाइबर कुराकानीसमेत 'रिट्रिभ' भएपछि त्यसमा खाणका सहयोगी केसीले लिएको रकमको हिसाब, प्रतिवादी खाणले आफ्ना प्रतिनिधि आङटावा शेर्पामार्फत गरेको आर्थिक कारोबारको थप प्रमाण (सीसीटीभी क्लिप) सहित प्रमाणमा थप भएको छ। यस्तै, दुलालले खाणलाई १ करोड २४ लाख ५० हजार रुपैयाँ दिएपछि शरणार्थी दर्ताबारेको कार्यादेश थप गरिएको प्रमाण र खाणलाई संकेतमा दिइने गरेको 'गिफ्ट' का कल-डिटेलसमेत पछिल्लो अभियोगपत्रमा थप भएको छ।

सुनुवाइको सूचीक्रममा मंगलबार नरेन्द्र केसी, टेकनारायण पाण्डे, आङटावा शेर्पा, डा. इन्द्रजित राई, भण्डारी, हरिभक्त महर्जन, लक्ष्मी महर्जन, सन्देश शर्मा, शमशेर मियाँको नाम अगाडि छ। प्रतिवादीका वकिलले १५ मिनेट बोल्न पाउने भनिएको छ।

### के हुन सक्छ सजाय ?

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर भएको अभियोग पत्रअनुसार फैसला भएमा ठगी र किर्तेअन्तर्गत हरेकमा ७ वर्ष कैद र ७० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ। यस्तै, राज्यविरुद्धमा ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना तथा सार्वजनिक ओहदामा रहेकाका हकमा (मन्त्री, सचिव, सांसद) थप ३ वर्ष कैद हुन सक्नेछ। यस्तै, संगठित अपराधका हकमा ५ वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना हुने व्यवस्था छ।


**Urgent Hiring**

A reputed & dynamic SS & College in Kathmandu is looking for personnel with proven competence for the following positions:

**Lecturer (Full Time)**

- Zoology

**Minimum Qualification**
Master's Degree with First Division and at least 1 year's related experience

Mail with CV:
vacancy.college@gmail.com

**Vacancy Announcement**

| S.N. | Post | No | Qualification | Experience |
|---|---|---|---|---|
| 1 | Cardiologist | 1 | MD/DM (Inerventional) | 3 year |
| 2 | Cardiologist | 1 | MD/DM Cardiology | 1 year |
| 3 | General Surgery | 1 | MS Surgery | 3-4 year |
| 4 | Geynaecologist | 1 | MD Gynaecology | 3 year |
| 5 | Physician | 1 | MD | 1 year |
| 6 | Dietician | 1 | BSc Nutrition and Dietetics | 1 year |
| 7 | CT Scan Technician | 3 | BSc Medical Imaging Technology | 1 year |
| 8 | Senior Accountant | 1 | BBS/MBS | 6 year |
| 9 | Accountant | 1 | BBS | 1 year |
| 10 | Hospital Counselor | 1 | PCL/Bachelor in Health field | 2-3 year |
| 11 | Housekeeping Supervisor | 1 | +2/BA | 2-3 year |

SCH
SIDDHARTHANAGAR CITY HOSPITAL
(Multispecialty & Trauma Center)

APPLICATION DEADLINE 2080/08/20
Send Your CV & Application
at E-mali: hr@cityhospital.com.np
Airport Road, Bhairahawa Ph: 9867222138
www.cityhospital.com.np,

UNILEVER NEPAL LIMITED

**शेयर लगत किताब बन्द रहने सूचना**

यस कम्पनीको तिसौं (३०औं) वार्षिक साधारण सभाको सिलसिलामा कम्पनीको शेयर लगत किताब मिति २०८०/०८/१२ देखि २०८०/०८/२६ गते सम्म बन्द रहने व्यहोराको यो सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**युनिलिभर नेपाल लिमिटेड**
**बसामाडी, हेटौडा-३**
**मकवानपुर, नेपाल**

DAI **Request for Applications**

USAID's/Tayar Nepal – Improved Disaster Risk Management (DRM) Project is a five-year project funded by the United States Agency for International Development (USAID) and implemented by DAI Global LLC (DAI) since 2019 to strengthen the capacity of Nepal's national and municipal institutions responsible for disaster risk reduction, preparedness, and response. The USAID's Tayar Nepal seeks applications for the following position.

- **Senior Action Fund Manager based in Kathmandu – I position**
- **Action Fund Manager based in Kathmandu – I position**
- **Program Assistant based in Kathmandu – 2 positions**

**Application Instructions:**

Please refer to **www.jobsnepal.com** for a detailed scope of work. Interested applicants should submit an updated CV to **TayarRecruitment@dai.com** by **November 30, 2023.**

**Women, persons with disabilities, and those from marginalized and disadvantaged communities are encouraged to apply.**